सुशासन
समृद्धि
सामाजिक न्याय
का लागि

# उज्यालो नेपाल पार्टी



प्रतिनिधि सभा सदस्य
प्रत्यक्ष उम्मेदवार

## राजा राम तण्डुकार

### ललितपुर क्षेत्र नं. २

**ललितपुर महानगरपालिकामा पर्ने वडाहरू**

६, ७, ८, ९, ११, १२,
१६, १७, १९

**महालक्ष्मी नगरपालिकामा पर्ने वडाहरू**

१, २, ३, ४, ५, ६, ७,
८, ९, १०



सम्पर्क:
9841203713

प्रत्यक्ष तर्फ
चुनाव चिन्ह

**म राजाराम तण्डुकार, ललितपुर निर्वाचन क्षेत्र नं २ बाट प्रतिनिधिसभा सदस्यमा उम्मेदवारी दिँदै सडकदेखि सदनसम्म निम्न प्रतिबद्धता कार्यान्वयन गर्ने निरन्तर संघर्षरत रहने प्रण गर्दछु :**

## १. भ्रष्टाचार निर्मुल गर्ने प्रतिबद्धता

- भ्रष्टाचार गर्नु गराउनु राज्यविरुद्धको जघन्य अपराध हुने तथा भ्रष्टाचारीलाई सर्वस्वहरण सहित आजीवन काराबास सम्मको सजाय दिइने र निजको सम्पति राष्ट्रियकरण गरिने व्यवस्था सहितको कानुन निर्माण गर्न पहल गर्ने ।
- विभिन्न समयमा भएका भ्रष्टाचार सम्बन्धी सम्पूर्ण काण्ड र भ्रष्टाचारका मुद्दाहरु प्रभावकारी रुपमा निरन्तर छानविन गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई अधिकार सम्पन्न र स्वायत्त बनाउने ।

## २. सहकारी सम्बन्धी समस्या समाधान गर्ने

- सहकारीसंग सम्बन्धित बचतकर्ता, सहकारी संचालक र ऋणीहरुको मुख्य समस्या पहिचान गरी सहकारी समस्या समाधान गर्न पहल गर्ने ।
- सहकारी पीडित बचतकर्ताहरुको बचत रकम तत्काल फिर्ता गराउन आवश्यक कोष स्थापना तथा अन्य कार्यको लागि पहल गर्ने ।
- बचतकर्ताको रकम फिर्ता गर्न ऋणीबाट ऋण असुली गर्ने तथा संचालकहरुबाट रकम हिनामिना भएको खण्डमा निजहरुको सम्पति रोक्का र असुल उपर गर्ने ।
- सहकारी ठगीमा संलग्न राजनीतिक नेता, सरकारी कर्मचारी, सहकारी सञ्चालक समिति, कर्मचारी तथा सम्वन्धितहरुको सम्पत्ति छानबिन गरी अवैध सम्पत्ति जफत गर्न पहल गर्ने ।

## ३. सुशासन तथा जनमुखी संसद

- नेपालको प्रशासन र कर्मचारीतन्त्रलाई डिजिटलाइजेशन गरी चुस्त र छरितो बनाउने, खर्चको अनुपातमा प्रभावकारी (resource-effective), जनताप्रति उत्तरदायी र समानुपातिक रुपमा समावेशी बनाउने ।
- प्रतिनिधि सभामा जनताको आवाज बोक्ने सांसदको रुपमा काम गर्न जनताको सहज पहुँच र निरन्तर संवादमा रहने ।
- स्थानीय स्तरमा कानुन प्रशासन र संचार सम्बन्धी जनचेतना कार्यक्रम संचालन  गर्ने ।
- नेपालको सुस्त न्याय प्रणालीको सुधार गर्न न्यायपालिका लगायत विभिन्न उजुरी निकायहरुको सुधार गर्ने । न्यायपालिकालाई दलीय भागबण्डाबाट मुक्त गरी प्रभावकारी बनाउन दवाब दिने ।

## ४. भाषा, संस्कृति र सम्पदाको सम्बर्द्धन

- मातृभाषा शिक्षालाई आधारभूत तहमा मात्र सीमित नराखी उच्च शिक्षासम्म प्रोत्साहन गर्न छात्रवृत्ति, शैक्षिक कोष लगायतको व्यवस्था गर्नको लागि दवाब दिने । प्राविधिक तथा व्यावसायिक शिक्षालाई प्रोत्साहन गर्ने ।
- मौलिक पुराना कला, संस्कृति, गुठी, जात्रा, पर्व आदिलाई निरन्तरता दिने गुठी क्लब वा स्थानीय निकायलाई प्रोत्साहन स्वरुप थप विशेष बजेटको व्यवस्था गर्ने ।
- सार्वजनिक सम्पति, मन्दिर, पोखरी, पाटी, पौवा, जग्गा खोलानदी अतिक्रमण गरी बसेकाहरुको लगत संकलन गरी संरक्षणका लागि पहल गर्ने ।
- नेपालका मौलिक संस्कृति र सम्पदाका आधारको रुपमा रहेका नेवाः गुथि लगायतका आदिवासी भूमि र श्रोतसाधन माथि सम्बन्धित समुदायको अधिकार र स्वायत्तताको लागि आवश्यक कानुन बनाउने ।
- ललितपुरलाई विश्वभरबाट बज्रयान ज्ञानको अभ्यासको लागि आध्यात्मिक केन्द्रको रुपमा विकास गर्न पहल गर्ने । यहाँको मूर्तिकला, ललितकला, हस्तकला र पौभा चित्रकलालाई प्रबर्द्धन गर्न अन्तर्राष्ट्रिय स्तरको सम्मेलन आयोजना गर्ने, थप व्यवसायीकरण गर्ने र विभिन्न विश्वविद्यालय र शैक्षिक संस्थाहरुसँग सहकार्य गर्न पहल गर्ने ।
- नेवाः ऐला, थों लगायतको ब्रान्डिङ गरी वैधानिक उत्पादनको लागि आवश्यक कानुनी व्यवस्था गर्न नेतृत्व गर्ने । नेवाः संगीत र नृत्यलाई प्रोत्साहन गर्न अन्तर्राष्ट्रिय स्तरका कार्यक्रम आयोजना गर्न पहल गर्ने ।
- रैथाने र स्थानीय समुदाय, संस्कृति र सम्पदाको संरक्षण हुने गरी काठमाडौं उपत्यकालाई सांस्कृतिक नेपाः उपत्यका (Heritage Nepa Valley)को रुपमा प्रबर्द्धन गर्ने र पर्यटकीय केन्द्रको रुपमा थप विकास गर्ने ।

## ५. स्थानीय सरोकारहरुको सहजीकरण

- गैरन्यायिक खोला तथा सडक विस्तार मापदण्ड सम्बन्धित समुदायको सहमतिमा परिमार्जन वा खारेजी गर्ने । सर्वोच्च अदालतको आदेश अनुसार सडक विस्तार भइसकेको स्थानका पीडित परिवार र समुदायको सम्पत्ति तथा आवासको हक सुनिश्चितता सहितको व्यवस्थापन गराउने तथा विस्थापित भएकाहरुको उचित पुनर्वास गराउने । कानूनमै संशोधन गरेर कुनै पनि मापदण्ड निर्धारण घोषणा गर्न अगाडि नै क्षेतिपूर्ति मुआब्जाको सुनिस्चितता गराउन पहल गर्ने
- विकासको नाममा विभिन्न आयोजनाहरुबाट विस्थापित हुने खतरामा रहेका समुदायहरुको संघर्षमा समर्थन गर्ने र त्यस्ता आयोजनाहरुको पुनरावलोकन गराउने ।
- पुराना बस्तीहरुमा अझै विद्यमान रहेको वर्षौ देखि भोगचलन गर्दै आएका तर स्वामित्वविहीन अवस्थामा रहेका स्ववासीहरुको भूमि

अधिकारको समस्या निराकरण गर्ने ।

- यस क्षेत्रका कृषि भूमिको संरक्षण गर्न किसान लक्षित विशेष नीति कार्यक्रम प्रबर्द्धन गर्ने र व्यावसायिक कृषिलाई प्रोत्साहन गर्दै स्थानीय कृषि उत्पादनको बजार सुनिश्चित गर्ने ।
- विस्तारै बढ्दै गइरहेको सहरी गरिबी र दीर्घरोगी जस्ता स्वास्थ्य सम्बन्धी समस्याहरुको उजागर गर्दै समाधानको लागि नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।
- यस क्षेत्रका नयाँ बस्तीहरुमा सडक विस्तार गर्न परेमा सम्बन्धित जग्गाधनी र स्थानीयको सहमतिमा पर्याप्त मुआब्जा दिएर मात्र अगाडि बढाउने । ट्राफिक व्यवस्थापनको लागि उपयुक्त बाटोहरु एकतर्फी (one-way) गर्न पहल गर्ने ।

## ६. युवा, खेलकुद, रोजगारी तथा उद्यमशीलता

- AI (Artificial Intelligence) र IT (Information Technology) जस्ता अत्याधुनिक प्रविधिको प्रयोग र तालिमबाट रोजगारी सृजना गर्न पहल गर्ने ।
- नेपाली युवाको सर्वाङ्गीण विकास र देशभित्र नै उपयुक्त रोजगारीको ग्यारेन्टी गर्ने, युवालाई वैदेशिक रोजगारीमा अध्यक्ष कामदार को रुपमा नभई तिनको दक्षता बढाई देश विदेशमा सम्मानित रोजगारीको वातावरण बनाउने ।
- उद्यमशीलता विकासको लागि आइडिया बैंक (Idea Bank), स्टार्ट अपको लागि सिड फन्ड (seed fund)जस्ता कार्यक्रम कार्यान्वयन गर्ने गराउने ।
- परम्परागत रैथाने ज्ञान, सीप, पेशा र प्रविधिको प्रबर्द्धन गरी व्यावसायीकरण गर्न र तिनको पुस्तानतरणको लागि प्रोत्साहन गर्ने ।
- नेपाली खेलकुदलाई व्यावसायीकरण गरी उद्योगको रुपमा विकास गर्ने ।

## ७. सीमान्तकृत समूहको अधिकार र सामाजिक न्याय

- राज्यको हरेक तहमा महिला, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग लगायत अन्य सीमान्तकृत समूहको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने गराउने । तिनको आर्थिक सामाजिक सशक्तीकरण, स्वास्थ्यमा पहुँच, आदिको लागि लक्षित कार्यक्रमहरुको व्यवस्था गर्न पहल गर्ने ।
- नेपालका आदिवासी जनजातिको हक अधिकार सुनिश्चित गर्न आइ.एल.ओ महासन्धि १६९ र संयुक्त राष्ट्रसंघीय घोषणापत्र अनुसार आवश्यक कानुन तर्जुमा गर्न र पर्याप्त बजेट सहित प्रभावकारी कार्यान्वयन गर्नको लागि नेतृत्व लिने ।
- नेवाः लगायत सीमान्तकृत आदिवासी समुदायलाई कानुनी तथा प्रशासनिक जनचेतना अभिबृद्धि गर्न पहल गर्ने । स्थानीय तहका जागिरमा रैथाने र स्थानीयलाई विशेष प्राथमिकता दिइने नीतिको लागि दबाव दिने ।

## ८. जनमैत्री सन्तुलित विकास र वातावरण संरक्षण

- अव्यवस्थित शहरीकरण, अत्यधिक जनसंख्या बृद्धि र अनियन्त्रित श्रोतसाधनको दोहनले विनाशको संघारमा रहेको काठमाडौं उपत्यकामा थप ध्वंस रोकी नदीनाला, घाट, सम्पदा, सामुदायिक जग्गा र वातावरणको संरक्षण गर्ने गराउने ।
- काठमाडौं उपत्यकामा प्रस्तावित थप नयाँ स्मार्ट सहर (Smart City)का योजनालाई बहिष्कार गर्दै हाम्रा पुर्खाहरुले स्थापना गरेका मौलिक स्मार्ट सहर पुराना बस्तीलाई बस्न योग्य (Livable) बनाउने र नेपालको सन्तुलित विकासको लागि स्मार्ट गाउँ (Smart Village)को प्रबर्द्धन गर्ने ।
- प्रदुषणले आक्रान्त काठमाडौं उपत्यका लगायतका सहरहरुमा नेपालमा रहेका हरेक नेपालीको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गर्न साइकल, विद्युतीय सवारी साधन र विद्युतीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन गर्ने । पेट्रोलियममा आधारित इन्धनलाई निरुत्साहित गर्ने नियमकानुन तर्जुमा गर्न र कार्यान्वयन गराउने ।
- प्रदेशका राजधानीलाई शिक्षा, स्वास्थ्य, औद्योगिक शहरको रूपमा विकास गरी नेपालभरि जनमैत्री विकासको अवधारणा प्रवर्द्धन गर्ने ।
- नेपालको यातायात व्यवस्था ऐनमा राजमार्ग तथा सडकहरु विस्तारित गर्दा साईकल लेन ( ह्विलचेयर लेन) , गतिलो फुटपाथ र अपाङगमैत्री सडक संरचनाहरू निर्माण गर्न भूमिका खेल्ने ।

## ९. कृषिको विकास

- रैथाने बिउविजनको संरक्षण र प्रबर्द्धन गर्ने र कृषि बीमालाई प्रोत्साहन गर्ने ।
- अवैध रुपमा भित्रिएका विषालु र हानिकारक फलफुल तरकारी तथा किटनाशक औषधिहरु नियन्त्रित गर्ने र स्वदेशी र अर्गानिक उत्पादनलाई प्राथमिकता दिने ।
- नेपालमा कृषिको विकास र नेपालीको खाद्य सम्प्रभुता (Food Sovereignty) को ग्यारेन्टी गर्न कृषियोग्य भूमिलाई खण्डीकरण वा अन्य प्रयोजनमा परिणत गर्ने काम रोक्ने ।
- नेपालमा प्राकृतिक रुपमा उब्जिने गाँजा लगायतका जडीबुटीको उब्जाउ र यथोचित प्रयोजनमा तिनको बिक्रीवितरण गर्ने कार्यलाई वैधानीकरण गर्ने ।

## १०. राष्ट्रिय सुरक्षा र स्वाधीनता

- राष्ट्रिय सुरक्षा र स्वाधीनताको संरक्षण र विकासको लागि संसद र सरकारले सन्तुलित परराष्ट्र नीति अंगाल्न तथा असमान सन्धि तथा सम्झौता विरुद्ध संघर्ष गर्ने ।

## ११. संविधान संशोधन

- संघीय लोकतान्त्रिक गणतन्त्रलाई अझ सुदृढ बनाउन पहिचान र सामर्थ्यमा आधारित संघीयता र त्यसको लागि आवश्यक राज्य पुनर संरचना, हाल स्थानीय तहमा जस्तै तीनै तहको सरकारमा प्रत्यक्ष निर्वाचित कार्यकारी व्यवस्था गर्न संविधान संशोधन वा पुनर्लेखनको लागि संघर्ष गर्ने ।
- नेपालको राज्यश्रोतको आधारमा राज्य संरचनालाई खर्चको अनुपातमा प्रभावकारी (resource-effective) र समानुपातिकरुपमा समावेशी बनाउन संघर्ष गर्ने ।

## को हुन राजाराम तण्डुकार ?

- शिक्षाः **MBA**
- व्यवसायः हस्तकला उद्योग तथा व्यापार
- पहिचानः अधिकारकर्मी, अभियन्ता, जनताको पक्षमा उभिने युवा नेतृत्व

## किन राजाराम तण्डुकार ?

- खोला मापदण्डका नाममा करिव ८०,००० घर धुरिका उपत्यकावासीको घरजग्गा लुट्ने योजना विरुद्ध जसले करिव १० लाख जनता प्रत्यक्ष प्रभावित थिए, तिनका लागि १८ महिने सशक्त आन्दोलनको नेतृत्व गरि सर्वोच्च अदालतबाट फैसला भईसकेको मुद्दालाई पनि उल्टाउन सफल अभियन्ता
- काठमाडौं उपत्यकाका रैथाने समुदायलाई विस्थापनबाट जोगाउन सक्रिय अभियानकर्ता
- न्यून/बिना मुआब्जा घरजग्गा गुमाइरहेका जनताको पक्षमा #SaveNepaValley अभियानका अगुवा अधिकारकर्मी
- बाह्य चक्रपथ र नयाँ उप-सहरका नाममा १,३०,००० रोपनी जैविक र सांस्कृतिक भूमि जोगाउन ३२+ प्राचीन बस्तीमा जनचेतना अभियान
- फास्ट ट्र्याकका कारण संकटमा परेको प्राचीन सिखली सभ्यता, सिकाली मन्दिर, बुङ्ग र खोनाको भूमि जोगाउन आवाज उठाउने साहसी अधिकारकर्मी
- गैरन्यायिक सडक विस्तारबाट विस्थापित हुँदै गरेका उपत्यकावासीका निजी घर, जग्गा, सम्पत्तिको अधिकारका लागि निरन्तर संघर्षरत युवा नेता
- गुठी विधेयक विरुद्धको आन्दोलनका प्रवक्ता तथा मेलम्ची खानेपानी आयोजना ढिलाशुस्ती विरुद्ध अभियानकर्ता
- धर्म, संस्कृति र पहिचानको रक्षा, नेपामी नेवाः समुदायको भूमिको संरक्षणमा सकृय
- सबै जाति र भाषाको उत्थानमा विश्वास गर्दै उपत्यकाको रैथाने नेपालभाषाको सुनिश्चित प्रयोग गराउन पाठ्यक्रम विकासमा अग्रणी भूमिका
- ललितपुरमा कवाडी करका नाममा गरेको ज्यादतीका विरुद्ध आवाज उठाई सुधार गराएका तथा बटुक भैरबको जग्गा सडक विस्तारका नाममा अतिक्रमण हुनबाट जोगाउने अभियन्ता
- रानी पोखरी, काष्ठमण्डप लगायत सम्पदालाई प्राचीन स्वरूपमै पुनःनिर्माण गराउन दबाब दिने अभियानकर्ता
- लगनखेल सप्तपाताल पोखरी पुनर्स्थापना गर्न र पुल्चोक नपुखुमा बन्न लागेको भवन रोक्न निर्णायक भूमिका
- भक्तपुर सेना ब्यारेक भित्रको रानी पोखरी पुनः सार्वजनिक बनाउन आवाज उठाउने पहिलो व्यक्ति
- स्मार्ट टेलिकम बाट पीडित घरधनीलाई न्याय दिलाउन सफल अधिकारकर्मी
- काठमाडौंलाई हरित शहर बनाउने दृष्टिकोण बोकेका, Cycle City अवधारणा हरेक स्थानमा साइकल प्रवर्द्धन गर्नु हुने
- राजावादी आन्दोलन र GENZ आन्दोलनलका सहिद परिवार लगायत विपतमा परेकालाई राहत र सहयोगका लागि अभियान गर्नहुने
- फुटवल, क्रिकेट तथा व्याटमिन्टनमा विभिन्न क्लबबाट सहभागी तथा नयाँ खेलाडिलाइ हाल सम्म राष्ट्रिय स्तरमा पुग्न हौसला तथा सहयोग गर्दै आउनु हुने
- सडक कुकुर तथा जनावरा अधिकारको लागि आवाज उठाएको
- चुनाव नजित्दै पनि जनताको मन मनमा बस्न सफल तथा आपत परेका र वेसाहाराहरुका सहारा तथा आवाज विहिनका आवाज

# अब तपाईंको पालो

**ललितपुर-२ बाट**

**चुनाव चिन्ह "चिम"**

**प्रत्यक्ष तर्फ**
**चुनाव चिन्ह**



ललितपुर-२ मा

**राजाराम तण्डुकार**

लाई बहुमतका साथ

**विजय गराऔं ।**

चुनाव प्रचार प्रसार समिति

मुद्रकः सगाउण्ड नेपाल प्रा.लि.